# महोत्सवमा 'जुलुङ्गो' पुरस्कृत



■ सौर्य समाचार

काठमाडौं । चार दिनसम्म सञ्चालन भएको नेपाल-अमेरिका अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा चलचित्र 'जुलुङ्गो' (स्केरक्रो) पुरस्कृत भएको छ । राजेशप्रसाद खत्रीले निर्देशन गरेको यो चलचित्रलाई पुरस्कृत गर्दै भर्चुअल गरिएको महोत्सव सकिएको छ । यस चलचित्रले महोत्सवमा लघु चलचित्रतर्फको उत्कृष्ट जुरी अवार्ड हात पारेको हो । लघु चलचित्रतर्फ कै प्याट हेवुड र जेमिल मेगिनिसको चलचित्र 'ग्रामर्सी' ले समेत अवार्ड जित्न सफल भएको छ ।

नेपाल-अमेरिका फिल्म सोसाइटीले आयोजना गरेको महोत्सवमा रामदास कदावल्लुरको चलचित्र 'मन्नु : स्प्राउट्स अफ एन्डुरेन्स' र सोफिया अलावीको चलचित्र 'सो ह्वाट इफ गोट्स डाइ' ले स्पेसल जुरी मेन्सन अवार्ड पाएका छन् ।

यस्तै, लोरी फेल्करकको 'स्पोटेनस' ले उत्कृष्ट एक्सपेरिमेन्टलको जुरी अवार्ड प्राप्त गरेको छ । उत्कृष्ट फिचर फिल्मको जुरी अवार्ड 'आइएम सफोकेटिङ, दिस इज माइ लास्ट फिल्म अबाउट यू' ले पाएको छ । लेमोह्याङ जेरिमाया मोसेजले निर्देशन गरेको यस चलचित्रले ग्रान्ड जुरी अवार्ड हात पारेको छ । सोसाइटीले महोत्सवमा नेपाललगायत १४ देशका ३० वटा चलचित्र प्रदर्शन गरिएको जनाएको छ । महोत्सव अवधिभर निःशुल्क चलचित्र प्रदर्शन गरिएको थियो । प्रदर्शन भएका चलचित्रबारे दर्शक र चलचित्र निर्माता-निर्देशक तथा कलाकारसँग बहससमेत गरिएको थियो । उक्त महोत्सवमा रम्यता लिम्बू, अमेरिकाबाट सपना शाक्य, रिबेका बिसमान्ते, निना स्ट्रिच्क, रिता मेहर र पोर्सिया कोब निर्णायक मण्डलमा रहेका थिए । कोरोना कहरले गर्दा सने २०२० को महोत्सव स्थगित भएता पनि साउथ एसियन फिल्म फेस्टिभलको नेटवर्कमा कोसाफको आयोजना भएको थियो ।

# उपाध्यायले ल्याए 'दुई मुटु'

■ सौर्य समाचार



काठमाडौं । गीतकार डा. डिआर उपाध्यायको नयाँ गीत 'दुई मुटु' को भिडियो सार्वजनिक भएको छ । सागर अधिकारी 'शरद' को स्वर तथा संगीत रहेको उक्त गीतमा सञ्जय श्रीपालीको एरेञ्ज र गोविन्द सोनीको मिक्सिङ तथा मास्टरिङ रहेको छ ।  माइकल चन्दले निर्देशन गरेको गीतको भिडियोमा अभिनेत्री अनु शाह र गीतकार डा. उपाध्यायको अभिनय छ । उत्सव दाहालले छायांकन गरेको भिडियोलाई शिलन लम्सालले सम्पादन गरेका छन् । निर्देशक चन्दले भने, 'गीत जत्तिकै उत्कृष्ट भिडियो पनि बनेको छ । गीतको भिडियोले दर्शकको मन जित्नेमा आशा समेत लिएको छु ।' भिडियो डिआर म्युजिक एण्ड क्रिएसनको युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको छ ।

गीतमा अत्यधिक माया गर्ने श्रीमती गुमाउँदाको पीडालाई मार्मिक ढंगले प्रस्तुत गरिएको छ । डा. उपाध्यायले विविध क्षेत्र, वर्ग, पेशा र समुदायका विषयमा गीत लेख्दै आएका छन् । उनका २४ एल्बममा मायाप्रेम, रोमान्स विछोड मात्र नभएर समाजका विषयसमेत कलात्मक रुपमा उधिनिएको पाइन्छ । उनले चाडपर्व, छोरी बिदाई, पर्यटन, स्वास्थ्य तथा योगसम्बन्धी, महिला प्रताडनासम्बन्धी, मजदुर, किसान र भरियासम्बन्धी लगायतका विभिन्न परिवेशका गीत ल्याएका छन् । उनका ११ उपन्यास र तीन गीतिपुस्तक पनि प्रकाशित छन् ।

# चिसाप गीताश्री पुरस्कार स्थापित

■ सौर्य समाचार

चितवन । साहित्यमा योगदान दिने स्रष्टालाई सममान गर्ने हेतुले पुरस्कारको स्थापना गरिएको छ। चितवन साहित्य परिषद्का पूर्वाध्यक्ष श्रीभक्तअच्युत र उनकी श्रीमती गीता वाग्लेले 'चिसाप गीताश्री साहित्य पुरस्कार' स्थापना गरेका हुन् । उनीहरुले पुरस्कारका लागि पाँच लाख दुई हजार ४५ को चेक हस्तान्तरण गरेको परिषद्ले जनाएको छ । विसं २०४५ सालमा स्थापित परिषद्ले चितवनमा निरन्तर रुपमा विविध साहित्यिक गतिविधि तथा स्रष्टा सम्मान एवं पुरस्कृत गर्दै आएको छ । श्रीभक्तका अनुसार सो रकमले हरेक वर्ष प्रकाशित उत्कृष्ट कृतिलाई ३५ हजार ४५ नगदसहित पुरस्कृत गरिने छ । श्रीभक्तकै संयोजकत्वमा परिषद्को आफ्नै भवन पनि निर्माण गरिएको छ । वाग्मती प्रदेशसभा सदस्य गीता वाग्लेले साहित्यकारलाई थप ऊर्जा प्रदान गर्न पुरस्कारको राशि हस्तान्तरण गरिएको बताइन् । परिषद्का अध्यक्ष सुरेन्द्रप्रसाद अस्तफलले देशभरबाट एक वर्षमा प्रकाशित साहित्यिक पुस्तकमध्ये उत्कृष्टलाई  पुरस्कार प्रदान गरिने जानकारी दिए ।

# वर्षाले सुरू गरिन् 'मेलम्ची राहत अभियान'



■ सौर्य समाचार

काठमाडौं । सिन्धुपाल्चोकका बाढीपीडितको सहयोगका लागि अभिनेत्री वर्षा सिवाकोटीले अभियान सुरु गरेकी छन् । उनले सामाजिक सञ्जालमार्फत 'मेलम्ची राहत अभियान' सुरु गरेकी छन् । हुनत यतिबेला थुप्रै कलाकारले बाढीपीडितका लागि सहयोग जुटाइरहेका छन् ।  यसैमेसोमा अभिनेत्री वर्षाले चलाएको यो अभियानमा देश तथा विदेशबाट सहयोग जुट्न थालेको छ । उनले अभियानमा प्राप्त सहयोग नामसहित सार्वजनिक गर्ने जनाएकी छन् ।

उनले लेखेकी छन्, 'बाढीपीडित मेलम्चीबासी आदरणीय दाजुभाइ एवं दिदीबहिनीको सहयोगका निम्ति आफ्नो तर्फबाट केही सहयोग गर्न अग्रसर भएकी छु ।' उनले सामाजिक सञ्जालमा उल्लेख गरेकी छन्, 'मेरो यो सानो पहलमा हजुरहरू पनि सहभागी हुन चाहनुहुन्छ भने आउनुहोस् हातेमालो गरौं ।' सबैको प्रयासमा पीडामा रहेका मेलम्चीबासीलाई राहत मिल्ने आशा राखेको अभिनेत्री वर्षाले जनाएकी छन् । उनका अनुसार अभियानमा सहयोग जनाउन जोकोहीले प्रभु बैंकमा रहेको केबी फाउन्डेसनको खातामा रकम पठाउन सक्नेछन् ।

# 'निष्ठुरी भयौ रे' सार्वजनिक



■ सौर्य समाचार

काठमाडौं । गायक शिव सागर खड्का र गायिका एलिना चौहानको आवाज रहेको 'निष्ठुरी भयौ रे' बोलको नयाँ गीत सार्वजनिक भएको छ । विशाल नेपालीको शब्द तथा गायक खड्काले संगीत भरेको गीतमा पुरुषोतम न्यौपानेको एरेन्ज रहेको छ ।

प्रेम र बिछोडको विषयमा केन्द्रित रहेको गीतको भिडियोमा प्रेमीप्रेमिकाको सम्बन्धलाई प्रस्तुत गरिएको छ । भिडियोमा गायक गायिकालाई नै देखाइएको छ । विशाल नेपालीले निर्देशन गरेको गीतको भिडियाको छायांकन दिनेश पराजुली र सम्पादन अमृत चापागाईले गरेका छन् ।

# गीतमा परदेशीको कथा

■ सौर्य समाचार

काठमाडौं । अमेरिकामा बसोबास गरिरहेका नेपाली मुलका प्रा.कैलाश घिमिरेले लेखेको गीत 'पसिनाले अरब भिझ्दा' सार्वजनिक भएको छ । गायक निशान भट्टराईले स्वर भरेको गीतमा वसन्त सापकोटाको संगीत छ ।  गीतमा परदेशमा काम गर्ने छोरालाई गाउँघरको सम्झना आउने सम्झनालाई गीतमा प्रस्तुत गरिएको छ । बाध्यताले मरूभूमिमा पसिना बगाउनु परेको तर गाउँमा बारी बाँझै रहेको विषय समेत गीतमा आएको छ । साथै बाबुआमाले बुढेसकालमा दुःख पाएको आमनेपालीको समस्या गीतमा आएको छ । घिमिरेले यसअघि २०७७ कात्तिकमा 'पुतली' गीत सार्वजनिक गरेका थिए ।


**साउदीमा रोजगार** | कम्पनी : ABDULLAH FALEH AL DOSSARY SONS CONTRACTING CO
शहर: DAMMAM

पुर्व स्वीकृत मितिः २०७८/०३/१० चलानी नं.: ६०१५९१६७ L.T. No.: 241390

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Labor | 97 | 0 | स. काममा दक्ष | 1000 | ३१,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असार १८ गते (2 July 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Govt. Lic. No. 1035/072/073

**Lulu International Pvt. Ltd.**
Samakhushi-29, Kathmandu, Tel: 01-4387319, 4351637
Mob.: 9851083549, 9841301232, 9818065184



**बडीकेदार गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खडेउली, डोटी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**आशय पत्र सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०७८/०३/११**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०७८/०१/०२ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानसम्बन्धी सूचना अनुसारको म्याद भित्र PPMO को EGP Portal मा दर्ता हुन आएका बोलपत्रहरु मध्ये न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएको तपसिलमा उल्लेखित बोलपत्र पत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र ४७ बमोजिम सम्बन्धित सबै बोलपत्रदाताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ |

| ठेक्का न. | कामको विवरण | फर्म/ कम्पनीको नाम र ठेगाना | कबोल अंक ( पि एस र मु. अ. क. बाहेक ) |
|---|---|---|---|
| BRM/NCB/W-2/B/2077-078 | Construction of Badikedar Rural Municipality Office Building Office in Khadeuli | श्री सनलाइट कन्स्ट्रक्सन प्रा. लि. मंगलसेन, अछाम | रु. ३,१२,५४,४१३.२८ |

**प्रमुख प्रशासकीय अधिकृत**



Kummayak Rural Municipality
Office of Rural Municipal Executive
Yashok, Panchthar, Province No.1, Nepal

**Invitation for E-Bids**

**Date of Publication: 2078/03/11 (25/06/2021)**

1. Kummayak Rural Municipality invites electronic bid from eligible bidders for the following contract works under National Competitive Bidding Procedures.

| S.N. | Contract No. | Description Of Works | Location | Estimated Amount Without VAT | Bid Security Amount (NRs.) | Bid Validity Period | Fee for bid document (NRs.) | Average Annual Construction Turnover | Minimum Work Experience | Last date of bid Submission | Bid Opening date | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KRM/NCB/WORK/2077/078-08 | Kummayak-Kussayak Tourism Development Project | Kummayak 1, 4 and 5 | - | 1100000.0 | 90 days | 5000.00 | 21400000.00 | 20250000.00 | 2078/04/10, 12:00 hrs. | 2078/04/10, 17:30 hrs. and onwards | Single Stage Double envelop |
| 2 | KRM/NCB/WORK/2077/078-09 | Construction of Ward No.4 Building | Kummayak-4 | 13637493.49 | 400000.00 | 90 days | 3000.00 | - | | | | Single Stage Single envelop |

2. Bidders may download the bidding documents and submit their bids electronically through e-procurement at www.bolpatra.gov.np/egp PPMO's portals specified in the bid data sheet. Bidders should deposit the equivalent fee for bidding document in the respective Revenue Account Number 0960010373474, (Kummayak ga.pa. antarik rajaswa khata ga1.1) in Mega Bank Nepal Limited,Yashok Panchthar. Bids shall be valid for as mention above from the last date of submission of bids. Bid Security shall have 30 days beyond the validity period of the bid. A Pre-bid Meeting shall be held at office of Kummayak RM on 01/04/2078 at 17:30 hrs. as above with in the date and time Specified.
3. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at mention above date and time at the office of Kummayak Rural Municipality, Yashok, Panchthar.
4. Other things not included in bidding documents will be as per Public Procurement (1st Amended) Act 2073 and PPR 2064 (10th Amended 2077).
5. The employer reserves the right to accept or reject wholly or partly any or all the bids without assigning reason whatsoever.
6. **Note:** Further detail regarding the notice of Invitation for Bids, interested bidders are requested to visit the notice board of Kummayak Rural Municipality, Yashok, Panchtharorthe e-gp portal www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**